- गाँउपालिकामा र मातहतका कार्यालयहरुमा हुने गरेका विकास निर्माणका कार्य,सेवासुविधा जस्ता बिषयहरु र सोका निर्णयहरु सुचनाको रुपमा तयार गरी राख्ने सो आम नागरिकहरुले मागेका समयमा दिने व्यबस्था मिलाउनुपर्ने ।
- बिकास निर्माणका सन्दर्भमा सबै नागरिकहरुका मागलाई समान रुपमा ब्यबहार गर्ने संस्कार बिकास गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु वडागत रुपमा संचालन गर्न जोड दिनुपर्ने । सबै वडाहरुमा नागरिक वडापत्रको व्यबस्था गर्नु पर्ने ।
- ठुला योजनाहरु बनाउंदा त्यसको दीर्घकालिन टिकाउका लागि विषयबिज्ञहरु र सरोकार वाला संग छलफल गरि योजनाहरु तयार गरिनुपर्ने ।

कार्यक्रमको खर्च विवरण : (संलग्न बिल भरपाईको आधारमा)

| क स | बिबरण | जम्मा | कैफियत |
|---|---|---|---|
| १ | सर्बेक्षण पत्रचार पम्पेट ब्यानर | ४३,८०० | |
| २ | सुचना तथा अडियो भिडियो प्रसारण | २९,९९९ | |
| ३ | | | |
| ४ | आयोजक अतिथी खाना खाजा | ८,४०० | |
| ५ | सहभागी खाजा | २६,५०० | |
| ६ | स्टेशनरी | ११,६०० | |
| ७ | यातयात | १९,५०० | नियमानुसार कर कट्टि गरिएको |
| ८ | सहजकर्ता | १०,००० | पारीश्रमिक कर कट्टि गरिएको |
| ९ | सहयोगी सहजकर्ता तथा टिप्पणीकर्ता | ९,००० | पारीश्रमिक कर कट्टि गरिएको |
| | जम्मा खर्च | १,०८,७९९ | |

नपसुग रकम संस्थाको आन्तरिक कोषबाट ब्यवस्थापन गरिने छ ।

**बहिर्गमन अभिमत  मा सहभागी द्धारा प्राप्त**

**ताराखोला गाँउपालिकामा राम्रा लागेका पक्षहरु**

पुर्बाधारको बिकास तिब्र रुपमा भएको, समयमा  काम  हुने , राजश्व संकलन सबै वडामा अनलाइन मार्फत गरिने गरिएको , सबै वडा कार्यालय को सेवा आफ्नै भबन बाट  दिइएको , बिभिन्न योजना तथा कार्यक्रमका लागी सुचना  प्रवाह  गरिएको ,कर्मचारिहरुले  सहयोग गरेको,कार्यालय  समयमा खुलेको,सुचना अधिकारिको  व्यबस्था,नागरिकले  अध्यक्ष  तथा  उपाध्यक्ष संग  प्रतक्ष  भेट गरि आफना  समस्या  राख्न  पाइने, लोकप्रिय  कार्यक्रमहरुको  थालनि  गरिएको,सामाजिक  सुरक्षा कार्यक्रमलाइ प्रभावकारी वनाउन प्रतिवेदन प्रणलिलाइ व्यबस्थीत गरिएको

सुधार गर्नुपर्ने विषयहरु :

सुचनाको पहुंच वढाउन पर्ने, नागरिक  वडापत्र  वडाहरुमा  पनि  राखिनुपर्ने,गुनासो  पेटिका,गुनासो सुन्ने अधिकारिको  व्यबस्था  गरिनुपर्ने, प्राबिधिक  जनशक्ति  वडा  गत  रुपमा  राखिनुपर्ने, सार्वजनिक  सुनुवाई,सामाजिक  परिक्षणजस्ता  पारदर्शिता  बढाउने  कार्यक्रमहरु  वडापिच्छे राखिनुपर्ने,उपभोक्ता समितिलाइ योजना सम्बन्धि जानकारि प्रदान गर्नका लागि अनुशिक्षण कार्यक्रम राखिनुपर्ने,प्रधानमन्त्रि रोजगार कार्यक्रमलाई थप प्रभाकबकारी बनाउदै निकासी प्रक्रिया लाई  सहज बनाइनु पर्ने ।

अनुसूची ५

सार्वजनिक सुनुवाइ सम्बन्धी प्रतिवेदनका ढाँचा

- सार्वजनिक सुनुवाइ आयोवना  गर्ने व्यक्तिका नाम, थर र ठेगाना ताराखोला मिडिया प्रा लि ताराखोला बागलुङ ( सहजकर्ता  **तारानाथ आचार्य सहसचिब पत्रकार महासंघ बागलुङ** )
  पर्यबेक्षक/टिप्पणीकर्ता
  **रामकृष्ण बोहोरा, (कार्यकारी सम्पादक ढोरपाटन राष्ट्रिय दैनिक)**
  **थम्मन थापा सन्देश (परिषद सदस्य पत्रकार महासंघ गण्डकी प्रदेश)**
  **बालकृष्ण सुबेदी (सदस्य नेपाल पत्रकार महासंघ बागलुङ साखा)**
- कार्यक्रम आयोजना स्थलः ताराखोला गाँउपालिका  वडा नं ५ सिंजालीचोक )
- कार्यक्रम आयोजना गरिएको मिति र समयः २०७८।१२।०९दिनको ठीक १.३० बजे
- कार्यक्रम संचालन गरिएको समयावधि : ३ घण्टा

## सहभाागीका प्रश्न, गुनासो तथा सुझावहरु

| कस. | प्रश्नकर्ता , गुनासो,सुझाव दिनेको नाम थर ठेगाना | सहभागीको प्रश्न गुनासो र जिज्ञासा | जवाफ दिने पदाअधिकारीको नाम |
|---|---|---|---|
| १ | देव शाही वडा न ३ गिनुवा | वडा ३ को वडा कार्यालय कहिले बन्छ ? सादी देखी सागुबोट सम्मको बाटो कहिले सम्म स्तोरन्नती हन्छ । | ताराखोला गाउँपालिकाका अध्यक्ष प्रकाश घर्ती |
| २ | पुर्ण परियार वडा नं ४ सपुरा | झाक्री पानी सपुराको मोटरबाटो किन बनेन | ताराखोला गाँउपालिका उपाअध्यक्ष दिलकुमारी रोका पुन |
| ३ | दिपक रोका वडा नं ५ अरुगा | सामुदायीक वनको शाखा किन भएन | ताराखोला गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत खिम बहादुर बि क |
| ४ | तारा कडेल वडा नं ५ करिमेला अर्काथुम | सिंजाली चोकको सार्वजानिक शौचालय कहिले प्रयोगमा आउछ । | ताराखोला गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत खिम बहादुर बि क,तथा गाउपालिकाका प्राविधिक प्रमुख विनोद लामिछाने |
| ५ | सहजकर्ता तारानाथ आचार्य | उच्च शिक्षा अध्यनलाई मात्र किन छात्रवृती ?गैरसरकारी संस्थाको बिबरण कहाँ पाउन सकिन्छ होला ? | शिक्षा शाखा प्रमुख सविता केसी पोडेल , प्रमुख प्रशासकिय अधिकृत खिम बहादुर बि क |
| ६ | वुद्धिलाल दर्जी वडा नं ४ | थापा गैरा खानेपानी को जी आई पाईप भाचीयो , अधेरीखोला बोरदारे मोटरबाटो सोरिएन ? | तारा खोला गाउँपालिका अध्यक्ष प्रकाश रोका |
| ७ | दधिलाल सापकोटा वडा न ५ मच्छर | आलु पकेटमा बजेत किन परेन, मोटरबाटोले खाएको बाटोको किन कर कट्टी हुदैन | कृषी शाखा प्रमुख कर्णधर भट्टराइ |
| ८ | रुद्रलाल कडेल वडा नं ५ मच्छर | प्राविधिकले स्टिमेट अनुसारको काम नभएको र स्टिमेट अनुसार काम नभएको गुनासो , ईन्जीनरको अर्थ केहो | प्राविधिक शाखा प्रमुख विनोद कुमार लामिछाने |
| ९ | ज्ञानी थापा वडा न४ नागवेली खोला | विभिन्न अनुदान लगेर साचिकै काम भयो की भएन , महिला संजाल सक्रीय भए किन सेवा सुविधा भएन | कृषी शाखा प्रमुख कर्णधर भट्राई |

| | | | |
|---|---|---|---|
| १० | गोविन्द घर्ती तारा ४ नागबेली खोला | पशुलाई लगाएको भ्याक्सीनले विभिन्न असर भएको र पशु प्रमुखले फोन रिसीभ न गरेको | पशुशाखा प्रमुख चिन्तामणी शर्मा |
| ११ | राजकुमारी गौतम तारा ५ औलाडी | महिला विकासमा के के काम भए ? महिला संजाल काम भएन भने यो संगठन किन जाहियो | ताराखोला गाउँपालिका उपा अध्यक्ष दिल कुमारी रोका पुन |
| १२ | लोक बहादुर रोका प्रअ जुल्फे प्रा वि | विद्यालयको कर्मचारीको तलव ८ हजारमा २ हजार मात्र थपेको छ जुन सरकारले तय गरेको तलव व्यवस्था गरेको प्रश्न बताउनुभयो | ताराखोला गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत खिम विक प्रकाश घती |
| १२ | कौशिला घर्ती तारा ५ धस्मर | महिला संजालको विकासको लागी विभिन्न आर्थिक योजना आश्यक रहेको स्थानीय सरकारले बजेट विनियोजन किन गरेन , नारि दिवस मनाउन बजेत आश्यक छ पछिल्लो आर्थिक रकम चुनाव आउन लागेर दिए जस्तो लागेको | ताराखोला गाउँपालिका उपा अध्यक्ष दिल कुमारी रोका पुन |
| १४ | कुमार रोका प्रअ त्रिशुली प्राली | ताराखोला गापाले स्वस्थ्यमा राम्रो काम गरेको थियो र तर अहिले सिटामोल पनी खान पाइएन | स्वास्थ्य शाखा प्रमुख उदित कुमार थापा |

टिप्पणीकर्ताको सुझाब

वडा अध्यक्ष वडा सचिब हरु संग प्रश्न जिज्ञासा नआएको

राजनैतिक दल का प्रतिनिधिहरुका लागी प्रश्न नआएको

कार्यक्रमको शुरुमा प्रश्न कम उठेपनि पछिल्लो चरण मा समानुपातिक तरिकाले प्रश्न उठेका

कार्यक्रममा सहभागीको उपस्थिती उल्लेख्य रहेको

कार्यक्रममा ब्यक्त गरिएका प्रतिबद्धता

कार्यक्रममा व्यक्त गरिएका प्रतिवद्धताहरु

१. वडा नं ३ को वडा कार्यालयको भवनको लागी जग्गा व्यवस्थापन गरी वडा कार्यालय भवन निमाण प्रक्रिया अगाडी बढाउने

२अपाङ्ग, महिला दलित लक्षित बजेट तथा कार्यक्रम गर्ने महिला विकास शाखा व्यवस्थापन गर्ने

३.विद्यालय कर्मचारीको थप तलब आर्थिक बर्षमा न्युनतम पारीश्रमिक लागु हुने गरी व्यवस्थापन गर्ने

४ बन ऐन राजपत्रमा प्रकाशन गरी अव व्यवाहारिक रुपमा कार्यान्वनमा लैजाने

५ खानेपानीको पाईप लाईनको समस्यालाई तत्काल समाधान गर्ने

६ विभिन्न योजनाहरुको अनुगमन तथा प्राविधिक परिचालन तिव्र गर्ने

७, सिंजालीचोक को सार्बजनिक शौचालयको बिषयलाई समस्या पत्ता लगाई तत्काल हल गर्ने

